जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक ३७ २०८० साल भदौ १४ गते बिहीबार (31 Aug. 2023 Thursday) मूल्य रु. ५/-

**Log in :** *rajbirajdainik.com.np*




*यस अंक भित्र :* २ पृष्ठमा : इन्टरनेटले बालबालिका... ३ पृष्ठमा : गुणस्तरीय शिक्षाका लागि... ३ पृष्ठमा : पूर्वप्रधानमन्त्री खानलाई हिरासतमा..

# दुई दिनको अवधीमा दुई पालिका प्रमुख निलम्बित भएसँगै सप्तरीमा पालिका प्रमुख निलम्बित हुनेको संख्या चार पुग्यो



**बोदेबरसाइन नगरपालिकाका नगरप्रमुख आतेशकुमार सिंह यादव, विष्णुपुर गाउँपालिकाका अध्यक्ष उमेश प्रसाद यादव, शम्भुनाथ नगरपालिकाका नगरप्रमुख जितेन्द्र प्रसाद गुप्ता, राजविराज नगरपालिकाका नगरप्रमुख भिमराज यादव**

**दैनिक समाचारदाता**
**राजविराज, १३ भदौ ।**

सप्तरीको १८ मध्ये चार पालिका प्रमुख निलम्बित भएका छन् । दुई दिनको अवधीमा दुई पालिका प्रमुख निलम्बित भएका हुन् भने एक पालिका प्रमुख सात महिना अघि नै निलम्बित भइसकेका छन् । यस्तै एक पालिका प्रमुख विशेष अदालतबाट दोषि समेत ठहर भएका छन् ।

निलम्बित हुनेहरुमा बोदेबरसाइन नगरपालिकाका नगर प्रमुख आतेशकुमार सिंह यादव, शम्भुनाथ नगरपालिकाका नगर प्रमुख जितेन्द्र प्रसाद गुप्ता र विष्णुपुर गाउँपालिकाका अध्यक्ष उमेश प्रसाद यादव रहेका छन् भने राजविराज नगरपालिकाका नगर प्रमुख भिमराज यादव विशेष आदालतबाट राजविरास्थित राजरंगशालाको स्तरोन्नती कार्यमा अनियमितता गरेको भन्दै दोषि ठहर भइसकेका छन् ।

गत स्थानीय तह निर्वाचनमा जनता समाजवादी पार्टी (जसपा) बाट बोदेबरसाइन नगरपालिका नगरप्रमुख आतेशकुमार सिंह यादव, राजविराज नगरपालिकाका नगर प्रमुखमा भिमराज यादव र विष्णुपुर गाउँपालिकामा अध्यक्ष उमेशकुमार यादव निर्वाचित भएका थिए भने शम्भुनाथ नगरपालिकाका नगर प्रमुख जितेन्द्र प्रसाद गुप्ता नेकपा (एकिकृत समाजवादी)बाट निर्वाचित भएका थिए ।

पछिल्लो पटक बुधबार जिल्लाको बोदेबर्साइन नगरपालिकाका प्रमुख आतेशकुमार सिंह यादव निलम्बित भएका छन् । प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना अन्तर्गत बाखा व्यवसायी पकेट कार्यक्रमका लागि छुट्याइएको रकम कामै नगरी भुक्तानी गरेको आरोपमा नगर प्रमुख सिंहसहित ८ जना विरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर भएको अख्तियारले जनाएको छ ।

नगर प्रमुख सिंहसहित निमित्त प्रमुख प्रशासकीय अधिकृत घनश्याम यादव, पशु विकास अधिकृत (अधिकृत छैटौं) अर्जुन प्रसाद यादव, लेखापाल सरोज कुमार मंडल, तत्कालीन वडा अध्यक्ष रामानन्द चौधरी, नगरपालिकाको तत्कालीन नगर कार्यपालिका सदस्य श्रीप्रसाद भगत, माँ जगदम्बा कृषक समुहका अध्यक्ष राधेश्याम कुमार साह र कोषाध्यक्ष निलम कुमारी शर्मा विरुद्ध अख्तियारले विशेष अदालतमा आरोपपत्र दायर गरेको छ ।

बोदेबरर्साइन नगरपालिकाले बाखा व्यवसायी पकेट कार्यक्रमका लागि वडा नं ६ फुलकाहीको माँ जगदम्बा कृषक समूहसँग सम्झौता गरेको थियो । तर नक्कली बिल भर्पाई र झुठा बिल बनाएर १४ लाख ७१ हजार ९ सय २१ रुपैयाँ नगरपालिकाले भुक्तानी गरेको अख्तियारको दाबी छ ।

यता दुई दिन अघि मात्र जिल्लाको विष्णुपुर गाउँपालिकाका अध्यक्ष उमेश प्रसाद यादवलाई घुससम्बन्धी प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नियन्त्रणमा लिएर विशेष अदालतबाट म्याद थप गरी थुनामा राखेसँगै उनी निलम्बित भएका हुन् । अध्यक्ष यादवलाई भदौ ६ गते अख्तियारले घुस सम्बन्धी विषयमा सोधपुछ र अनुसन्धानका लागि नियन्त्रणमा लिएको थियो ।

भदौ ७ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गाउँपालिकालाई पत्राचार गर्दै आयोग ऐन २०४८ को दफा १६(४) बमोजिम विशेष अदालतबाट म्याद थप भइ थुनामा रहेका सार्वजनिक पद धारण गरेका राष्ट्रसेवक आयोग ऐन २०४८ को दफा १७ र तथा भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३३ वमोजिम स्वतः निलम्बन हुने प्रावधान अनुरूप अध्यक्ष निलम्बन भएको जानकारी दिइएको हो ।

गत साउन ३१ गते सोलार बत्ति सम्बन्धी एक योजनामा २ लाख नगद र ३ लाखको चेक घुसवापत लिँदै गर्दा विष्णुपुर गाउँपालिकाका लेखापाल टेकनारायण यादव र एमआइएस अपरेटर वीरेन्द्र यादवलाई आयोगको इटहरीस्थित कार्यालयको टोलीले राजविराजस्थित गजेन्द्र चौकको एक बस बुकिङ काउन्टरबाट नियन्त्रणमा लिएको थियो ।

यस्तै सप्तरीको शम्भुनाथ नगरपालिकाका नगर प्रमुख जितेन्द्रप्रसाद गुप्तालाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले घुस लिएको आरोपमा विशेष अदालतमा आरोपपत्र दायर गरेको छ । नगर प्रमुख गुप्ता र नगरपालिकाका इन्जिनियर रामचन्द्र साहबीचको आपसी मिलेमतोमा विद्यालयको सभाहल निर्माणको अन्तिम बिल भुक्तानी प्रयोजनका लागि सेवाग्राहीसँग १ लाख ४० हजार रुपैयाँ घुस लिएको पुष्टि हुन आएकोले नगरप्रमुख गुप्ता र इन्जिनियर साहमाथि विशेष अदालतमा आरोप पत्र दायर गरिएको छ ।

अख्तियारको इटहरीस्थित कार्यालयबाट खटिएको टोलीले गत माघ ३ गते इन्जिनियर साहलाई एक लाख ४० हजार रुपैयाँ घुस लिइसकेको भन्दै नियन्त्रणमा लिएको थियो ।

इन्जिनियर साहलाई नियन्त्रणमा लिएर अनुसन्धान थालेको अख्तियारले नगर प्रमुख गुप्ताको पनि संलग्नता पाएपछि उनी समेतलाई विपक्षी बनाई विशेष अदालतमा आरोपपत्र दायर गरेको थियो । दुवै जनालाई बिगो एक लाख ४० हजार कायम गरी विशेष अदालतमा आरोपपत्र दायर गरिएको थियो ।

यस्तै राजविराज नगरपालिकाका प्रमुख यादवको हकमा भने केही दिन अघि मात्र विशेष अदालतले राजविराजस्थित रंगशाला खेलमैदान स्तरोन्नति कार्यमा अनियमितता गरेको भन्दै २ लाख ६४ हजार ४ सय ४ जरिवाना तोकिसकेका छन् । पदभार ग्रहण गरेको दुई महिना नपुग्दै २०७९ असार २९ गते राजविराज नगरपालिकाका नगर प्रमुख भीमराजमाथि आयोगले मुद्दा दायर गरेको थियो ।

# भलुवाही पुल मूनी नवजात शिशुको शव फेला



**दैनिक समाचारदाता**
**राजविराज, १३ भदौ ।**

राजविराज वडा नं. २ स्थित भलुवाही खोलमा बुधबार बिहान एक नवजात शिशु (छोरा) को मृत्यु शरीर फेला परेको छ ।

राजविराज हनुमाननगर सडक खण्ड अन्तरगत भलुवाही खोलाको पुल मूनी नवजात शिशुको शव फेला परेको हो । बुधबार बिहान स्थानीयहरुले पुल मूनी नवजात शिशु राखिएको देखेपछि प्रहरीलाई खबर गरेका थिए ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरिक्षक नरेन्द्र कुमार कार्कीसहितको टोली सो स्थानमा पुगेर हेर्दा नवजात शिशु मृत अवस्थामा फेला परेपछि आवश्यक कानुनी प्रक्रिया पुऱ्याएर शिशुको शव राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पताल लगिएको छ ।

हालसम्म शिशुको पहिचान खुल्न सकेको छैन भने प्रहरीले घटना सम्बन्धमा थठप अनुसन्धान कार्य गरिरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## सूचनाको हकको सम्बन्धमा सार्वजनिक निकायको दायित्व

- नागरिकको सूचनाको हकको सम्मान र संरक्षण,
- सूचना वर्गीकरण र अद्यावधिक गरी समय समयमा सार्वजनिकीकरण,
- सूचनामा नागरिकको सरल र सहज पहुँचको व्यवस्था,
- खुला र पारदर्शी रूपमा काम कारवाहीको सम्पादन

सार्वजनिक निकायले उल्लिखित दायित्व निर्वाह गरी नागरिकको सूचना पाउने हकअधिकार सुनिश्चित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### भाइबहिनीको पवित्र एवं अटुट बन्धनको पर्व रक्षाबन्धन

भाइबहिनीको पवित्र एवं अटुट बन्धनको प्रतीकका रूपमा रहेको रक्षाबन्धन पर्व आज मनाइदै छ। दाजुभाइ तथा दिदीबहिनीबीच प्रेम, समर्पण र आपसीसम्बन्ध कहिल्यै नटुट्ने प्रतिबद्धता जनाइने यस पर्वलाई महान् सांस्कृतिक पर्व मानिन्छ। विवाह भएर गएका चेलीले आफ्ना दाजुभाइलाई राखी बन्धनमा राखी बाध्न निम्तो दिने गर्दछन् भने अविवाहित चेलीले पर्वको अवसरमा दाजुभाइलाई मन पर्ने परिकार बनाएर खुवाउने प्रचलन रहेको छ।

सत्य युगमा तीनै लोक (स्वर्ग, मत्यु र पाताल) को अधिपति दानवराज बलिलाई उनका बहिनी गङ्गा र यमुनाले युद्धमा जानुअघि विजयको कामना गर्दै हातमा रक्षाबन्धन बाँधिदिएकाले युद्धमा बलिको जीत भएको सम्झनामा प्रत्येक वर्ष साउन शुक्लपूर्णिमाका दिन दिदीबहिनीले आफ्ना दाजुभाइको सौर्य वृद्धिको कामना गर्दै राखी बाँधीदिने परम्परा छ। यस पर्वमा ब्राह्मण पुरोहितले शास्त्रोक्त विधिबाट अभिमन्त्रित गरिएको डोरा यजमानलाई बाँधिदिने परम्परा भए पनि मिथिलामा भने मुख्य आकर्षण दिदीबहिनीकै हातबाट राखी बाँधिनु रहेको छ।

मधेसी समुदायले मनाउने यस रक्षाबन्धन पर्व पछिल्ला दिनमा पहाडी समुदायमा पनि मनाउन थालिएको छ। तसर्थ यस्ता पर्वहरुको संरक्षण र सम्वर्द्धन जरुरी रहेको छ। धर्म, संस्कृतिको रक्षा गर्न पनि यस्ता पर्वहरुको संरक्षण जरुरी छ।

# इन्टरनेटले बालबालिका यौनदुर्व्यवहारमा

काठमाडौँ, १३ भदौ (रासस)।

सूचना प्रविधिको प्रयोगका कारणले बालबालिका यौनदुर्व्यवहारमा पर्ने गरेको एक अध्ययनले देखाएको छ। बाल आवाजले यहाँ सार्वजनिक गरेको 'अनलाइन बाल यौनदुर्व्यवहारको अवस्था तथा नीतिगत विश्लेषणसम्बन्धी अध्ययन'मा इन्टरनेटका कारणले १८ वर्ष मुनिका बालबालिका यौनदुर्व्यवहारमा पर्ने गरेको जनाएको छ।

महान्याधिवक्ता डा दिनमणि पोखरेलले अनलाइन अपराधले समाजिक मात्र नभइ मनोविज्ञान रूपमा असर पार्ने बताउनुभयो। उहाँले पहिले शारिरीक यौनदुव्यहार हुने गरेको अहिले इन्टरनेटका माध्यमबाट पनि यौनदुर्व्यहावरले बालबालिकालाई मनोवैज्ञानिक असर पुर्याउने बताउनुभयो।

उहाँले ऐन निर्माण भएर मात्र नहुने उल्लेख गर्दै कानुनको बारेमा जनचेतना जगाउनु आवश्यक रहेको बताउनुभयो। महान्याधिवक्ता डा पोखरेलले 'साइबर क्राइम'का बारेका कुरा समावेश गर्नुपर्ने हो ति कुरा अध्ययनबाट नै आउनुपर्ने जनाउँदै अध्ययन कानुन निर्माणका लागि कोशेढुङ्गा हुने बताउनुभयो।

अध्ययनमा सूचना प्रविधिको दुरुपयोगमा अश्लील फोटो माग्ने, असंवेदनशील म्यासेज गर्ने जस्ता कार्य बालबालिकामा आदानप्रदान भएर यौनदुर्व्यहारमा पर्ने गरेको जनाएको छ। ललितपुरका प्रमुख जिल्ला अधिकारी रुद्रप्रसाद पण्डितले इन्टरनेटका कारणले धेरै बालबालिका यौनदुर्व्यहारमा पर्ने गरेको उल्लेख गर्दै मोबाइलको 'सेटिङ'मा नै यौनजन्य भिडियो आउने खालका वेबसाइट रोक्नुपर्ने बताउनुभयो।

ललितपुरका वरिष्ठ प्रहरी उपरीक्षक सिद्धविक्रम शाहले यौनदुर्व्यहारमा परेका बालबालिकाले उजुरी दिए पनि कहाँबाट यौनदुर्व्यहार भएको भन्ने कुरा थाहा पाउनका लागि साधन स्रोतको अभावले कारवाहीमा ल्याउन समस्या भएको बताउनुभयो। उहाँले उजुरी भए पनि बालबालिकाको संरक्षण गर्न समस्या हुने बताउनुभयो।

उहाँले बालबालिकालाई यौनसम्बन्धी साइट हेर्नबाट रोक्नका लागि अहिले वाइफाईमा 'चाइल्ड सेभ मोड' राखिएको जानकारी दिनुभयो। नेपाल बार एसोसिएसनका अध्यक्ष गोपालकृष्ण घिमिरेले बालबालिकालाई ल्यापटप, मोबाइल, आइप्याडबाट टाढा राख्नुपर्ने बताउनुभयो।

कोशी र बागमती प्रदेशका पाँच सय १४ बालबालिकामा गरिएको अध्ययनमा बालबालिकालाई अश्लील फोटो पठाउने र माग्ने, बालबालिकाको फोटो प्रयोग गरेर यौनदुर्व्यहारमा पार्ने जस्ता क्रियाकलाप गरिरहेको उल्लेख गरिएको छ। अध्ययनमा ७३ प्रतिशत बालबालिका वाइफाई, १४ प्रतिशतले मोबाइल डाटा र १३ प्रतिशतले दुवैमार्फत सूचना प्रविधिको प्रयोग गरिरहेको पाइएको बाल आवाजका कार्यकारी निर्देशक कृष्णकुमार थापाले जानकारी दिनुभयो।

# मधेसमा राखी (रक्षाबन्धन) को चहलपहल

धनुषा, १३ भदौ (रासस)।

तराई-मधेसमा यतिबेला राखी (रक्षाबन्धन) पर्वको चहलपहल सुरु भएको छ। साउन शुक्लपक्ष सुरु भएसँगै तराई-मधेसका गाउँ, नगरबस्तीमा दिदीबहिनी र दाजुभाइबीच प्रेम दर्शाउने गीतको धुन गुन्जिरहेका छन्।

दिदीबहिनीले बिहीबार राखी पर्व धुमधामका साथ मनाउने तयारी गरेका छन्। भाइबहिनीको पवित्र एवं अटुट बन्धनको प्रतीकका रूपमा रक्षाबन्धन पर्वलाई मानिन्छ। अहिले धनुषासहित तराई-मधेसका नगर, गाउँ र बस्तीका पसल रङगीविरङ्गी राखीले भरिभराउ भएका छन्।

राखीसँगै विभिन्न प्रकारका मिठाइ तथा फलफूलले बजारको रौनकता बढाएको छ। मानिसको भिडभाडले बजारमा अरुबेला भन्दा बढी चहलपहल देखिएको छ। हरेक वर्ष जस्तै यस वर्ष पनि बजारमा राखी किन्ने र बेच्नेको उपस्थिति बढेको देखिन्छ।

ग्राहकको रोजाइँ अनुसार राखी उपलब्ध गराउन व्यस्त रहेको राखी पसल सञ्चालक सुरेश साहले बताउनुभयो। उहाँले २० वर्षदेखि चाडपर्व लक्षित अस्थायी पसल गर्दै आउनुभएको छ। उहाँले प्रति राखी रू ५० देखि रू दुई सयसम्म पर्ने बताउनुभयो। "बच्चालाई लोभ्याउने खालका विभिन्न कार्टुन वा खेलौना जडित राखी पनि बजारमा पाइन्छन्। यसको मूल्य अरुभन्दा केही कम हुन्छ", उहाँले भन्नुभयो।

दाजुभाइ तथा दिदीबहिनीबीच प्रेम, समर्पण र आपसीसम्बन्ध कहिल्यै नटुट्ने प्रतिबद्धता जनाइने यस पर्वलाई यस क्षेत्रको महान् सांस्कृतिक पर्व मानिने मिथिला लोकसंस्कृतिका ज्ञाता बताउँछन्। विवाह भएर गएका चेलीले आफ्ना दाजुभाइलाई राखी बन्धनमा राखी बाध्न निम्तो दिने गर्दछन् भने अविवाहित चेलीले पर्वको अवसरमा दाजुभाइलाई मन पर्ने परिकार बनाएर खुवाउने प्रचलन रहेको छ।

स्थानीय मञ्जु यादवले राखी पर्वको तयारी १५ दिन अघिदेखि गरेको सुनाउनुभयो। अहिले बजारमा पाइने रङगीविरङ्गी राखीले घरमा राखी बनाउने झन्झट हटेको उहाँको भनाइ थियो।

सत्य युगमा तीनै लोक ( स्वर्ग, मत्यु र पाताल) को अधिपति दानवराज बलिलाई उनका बहिनी गङ्गा र यमुनाले युद्धमा जानुअघि विजयको कामना गर्दै हातमा रक्षाबन्धन बाँधिदिएकाले युद्धमा बलिको जीत भएको सम्झनामा प्रत्येक वर्ष साउन शुक्लपूर्णिमाका दिन दिदीबहिनीले आफ्ना दाजुभाइको सौर्य वृद्धिको कामना गर्दै राखी बाँधीदिने परम्परा छ।

यस पर्वमा ब्राह्मण पुरोहितले शास्त्रोक्त विधिबाट अभिमन्त्रित गरिएको डोरा यजमानलाई बाँधिदिने परम्परा भए पनि मिथिलामा भने मुख्य आकर्षण दिदीबहिनीकै हातबाट राखी बाँधिनु रहेको छ। मधेसी समुदायले मनाउने यस रक्षाबन्धन पर्व पछिल्ला दिनमा पहाडी समुदायमा पनि मनाउन थालिएको छ।

रक्षाबन्धन पर्वलाई मध्येनजर गरी जिल्ला प्रशासनले ठाउँ-ठाउँमा चेकजाँचमा कडाइ गर्नुका साथै प्रहरीले निगरानीसमेत बढाएको छ।

# दुई वैदेशिक रोजगार व्यवसायीलाई कारबाही

काठमाडौँ, १३ भदौ (रासस)।

वैदेशिक रोजगार विभागले दुई वैदेशिक रोजगार व्यवसायी कम्पनीलाई कारबाही गरेको छ। विभागको पूर्वस्वीकृतिबिना सामाजिक सञ्जालमार्फत भ्रमपूर्ण सूचना प्रसारण गर्ने र एजुकेशनल इन्स्टिच्युट एण्ड कन्सल्टेन्सी राखी वर्किङ भिसाको लोभ देखाएर सन्देहपूर्ण कारोबार गरेको भन्दै विभागले अक्सन इन्टरनेशनल प्रालि र ओमेगा इन्टरनेशनल प्रालिलाई कारबाहीस्वरुप निलम्बन गरेको हो।

विभागका निर्देशक एवं सूचना अधिकारी कविराज उप्रेतीले विभागको मङ्गलबारको निर्णयानुसार ऐनको दफा ६१ (७) बमोजिम दुवै संस्थालाई निलम्बन गरिएको जानकारी दिनुभएको छ। वैदेशिक रोजगार ऐन, २०६४ बमोजिम वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न वैदेशिक रोजगार विभागबाट इजाजतपत्र लिएका संस्थाले प्रचलित कानुनको अक्षरस: पालना गरी आफ्ना गतिविधि सञ्चालन गर्न विभागले अनुरोध गरेको छ।

ओमेगा इन्टरनेशनल प्रालिले विभागको पूर्वस्वीकृतिबिना सामाजिक सञ्जाल ( फेसबुक)मार्फत नेपाली डाक्टरहरुलाई वैदेशिक रोजगारीमा कुवेत पठाइदिने भनी भ्रमपूर्ण सूचना प्रसारण गरेको एवं सीपयुक्त दक्ष जनशक्तिलाई व्यक्तिगतरूपमा गन्तव्य मुलुकमा पठाउने गरी शङ्कास्पद कार्यहरू गरेकाले कारबाहीस्वरुप निलम्बन गरिएको विभागले जनाएको छ।

यस्तै अक्सन इन्टरनेशनल प्रालि (अवतार ह्युमन रिसोर्स प्रालि)ले आफ्नो संस्थाको भवनभित्र अन्य दुईवटा संस्था राखी छेउकै भवनमा एजुकेशनल इन्स्टिच्युट एण्ड कन्सल्टेन्सी राखी वर्किङ भिसाको प्रलोभन देखाई सन्देहपूर्ण कारोबार गर्नुका साथै व्यक्तिगतरूपमा दक्ष जनशक्ति वैदेशिक रोजगारमा पठाउने कार्यमा संलग्न रहेकाले कारबाही गरिएको विभागले जनाएको छ।

विभागले वैदेशिक रोजगारीमा जान इच्छुक सम्पूर्ण दाजुभाइ, दिदीबहिनीलाई सामाजिक सञ्जालमा प्रसारण हुने भ्रमपूर्ण विज्ञापनमा विश्वास नगर्न अनुरोध गरेको छ। साथै प्रचलित ऐन, कानुनको बर्खिलाप हुने गरी सामाजिक सञ्जालमा सूचना सम्प्रेषणलगायतका गतिविधि सञ्चालन नगर्न इजाजतपत्रवाला संस्थाहरूमा अनुरोध गरिएको छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# गुणस्तरीय शिक्षाका लागि शिक्षक व्यवस्थापनमा जोड

काठमाडौँ, १३ भदौ (रासस)।
मुलुकको शिक्षा क्षेत्रको गुणस्तर विकासका लागि शिक्षकको व्यवस्थापनमा लगानी गर्नुपर्नेमा बुधबार यहाँ आयोजित एक कार्यक्रमका सहभागीहरूले जोड दिएका छन्।

ट्याक्सएड एलायन्स नेपालको सहकार्यमा नेपाल शिक्षक सङ्घ, नेपाल राष्ट्रिय शिक्षक सङ्गठन र संस्थागत विद्यालय शिक्षक युनियन (इस्टु) द्वारा बुधबार यहाँ आयोजित 'शिक्षक व्यवस्थापन र शिक्षकमा लगानी संवाद कार्यक्रम' का सहभागीहरूले सो कुरामा जोड दिनुभएको हो।

उक्त कार्यक्रममा शिक्षा मन्त्रालयका सहसचिव डा हरि लम्सालले मुलुकमा गुणस्तरीय शिक्षाको विकास र प्रवर्द्धनका लागि शिक्षकको व्यवस्थापन पनि एक महत्वपूर्ण विषय रहेको बताउनुभयो।

कार्यक्रममा शिक्षक महासङ्घका अध्यक्ष कमला तुलाधारले विसं २०५६ पछि कुनै नयाँ दरबन्दी नथप्नु विडम्बना रहेको औँल्याउनुभयो। शिक्षाको गुणस्तर खस्किनुमा शिक्षकलाई मात्र दोष नदिई शिक्षक व्यवस्थापनमा राज्यलाई प्रश्न गर्नुपर्ने बताउनुभयो।

शिक्षक विद्यार्थीको अनुपात ७६ हजार भन्दा धेरैले फरक रहेको समेत उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "शिक्षा क्षेत्रमा शिक्षकलाई दोष लगाउनु अगाडि शिक्षा क्षेत्रमा बजेट बढाएर मात्र यस क्षेत्रबाट लाभ खोज्नु आजको मुख्य आवश्यकता हो।"

यसैगरी यस्तै सामुदायिक विद्यालय व्यवस्थापन समिति महासङ्घका अध्यक्ष गुणराज मोक्तानले विद्यार्थीहरूमा अन्यौलता व्यापक देखिएको बताउनुभयो। शिक्षण पेसामा आकर्षण घट्दै गइरहेको र नयाँ शिक्षक थपिए पनि प्रधानाध्यापकको दरबन्दी भने उही रहेको उहाँको भनाइ छ।

प्रधानाध्यापकको दरवन्दीलाई विशिष्टीकृत गर्दै लैजान आजको आवश्यक रहेको मोक्तानले बताउनुभयो। उहाँले भन्नुभयो, "अहिलेको बजेटले विद्यालयहरू चल्ने अवस्था नरहेको र यस्तो अवस्थामा गुणस्तर खोज्नु नै मूर्खता हो भन्नुभयो। उहाँले ऐन मात्र बन्दैमा शिक्षाको विकास नहुने र बजेट तथा अन्य व्यवस्थापन राम्रो हुने बताउनुभयो।

एक्सनएड नेपालका निति तथा कार्यक्रम विभाग प्रमुख सरोजकुमार पोखरेलले विद्यालयमा शिक्षक र शिक्षाको मात्र कुरा गर्नुभन्दा पनि बालबालिकाप्रति जवाफदेहिता आवश्यक रहेको बताउनुभयो। उहाँले गुणस्तरीय शिक्षाका लागि शिक्षकको क्षमता अभिबृद्धिमा काम गर्नुपर्ने बताउनुभयो।

नेपालको संविधान २०७२ ले शिक्षालाई निःशुल्क तथा गुणस्तरीय शिक्षा हरेक नागरिकको मौलिक हकका रूपमा धारा ३१ मा सुनिश्चित गरेको सो कार्यक्रममा जानकारी गराइएको थियो। संविधानको भाग ३ को दफा ३४ मा रहेको श्रमको हकबाट प्राप्त भएको ट्रेड युनियन अधिकार शिक्षकहरूले पनि प्रयोग गर्न पाउने उल्लेख छ। संविधानले विद्यालय तहको शिक्षा अनुसूची ८ मा स्थानीय र अनुसूची ९ मा सङ्घ, प्रदेश र स्थानीय तहको साझा सूचीमा राखेको छ। तीनवटै तहका सरकारहरूले सरकारी स्तरबाट शिक्षामा पर्याप्त लगानी नगरिएको सहभागीहरूको आरोप थियो।

शिक्षालाई व्यवहारिक रुपमै निःशुल्क तथा गुणस्तरीय बनाउनका लागि शिक्षकको व्यवस्थापन एवं शिक्षकसँग सम्बन्धित मुद्दालाई तीनै तहका सरकारले महत्वका साथ सम्बोधन गर्न अनिवार्य रहेको सहभागीको भनाइ छ। शिक्षक दरबन्दी पुनर्वितरण प्रतिवेदन २०७५ ले मुलुकभरका विद्यालयमा थप ५६ हजार सात सय ७४ दरबन्दी आवश्यक देखाएको छ। सन् २०१८ को शिक्षाका लागि राष्ट्रिय सञ्जालद्वारा गरिएको अध्ययनअनुसार ७६ हजार सात सय आठ शिक्षकको अभाव रहेको समेत जानकारी गराइएको थियो।

सरकारले दरबन्दी दिएकालाई स्थायी बनाइसक्दा पनि विद्यार्थी सङ्ख्याका आधारमा शिक्षकको दरबन्दी मिलान भएको अवस्था नभएको र त्यसको प्रत्यक्ष असर विद्यार्थीको सिकाइ तथा शिक्षाको गुणस्तरमा परेको सहभागीको बुझाइ रहेको छ। निजी विद्यालयहरूले अव्यवस्थित ढङ्गको सञ्चालनले निःशुल्क तथा अनिवार्य शिक्षाको सवैधानिक व्यवस्थालाई असर गरिरहेको र शिक्षकहरूलाई न्यूनतम सेवासुविधा तथा आधारभुत सेवासुविधा पनि प्रदान नगरिएको शिक्षक सङ्गठनहरूको आरोप छ।

# नक्कली फेसबुक आइडिबाट चरित्र हत्या गर्ने पक्राउ

काठमाडौँ, १३ भदौ (रासस)।
नक्कली फेसबुक आइडीमा अश्लील फोटो तथा भिडियो राखी चरित्र हत्या गरेको अभियोगमा काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी टोलीले एक जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा भक्तपुर नगरपालिका-१४ बस्ने २५ वर्षीय सुसन चौगुठी रहेको काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता तथा प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीले जानकारी दिनुभयो। उहाँका अनुसार निज चौगुठीले सामाजिक सञ्जाल फेसबुकमा केटी साथीहरूलाई साथी बनाई नजिक भई प्रेमजालमा पारी विभिन्न बहानामा फोटो तथा भिडियो खिच्ने गरेका थिए। चौगुठीले खिचिएका अश्लील फोटो तथा भिडियोको दुरुपयोग गरी नक्कली फेसबुक खाता बनाई उक्त फोटो तथा भिडियो सार्वजनिक गर्ने गरेको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार सोही फोटो तथा भिडियो पीडितका आफन्तलाई समेत पठाई चरित्र हत्या गर्ने कार्यमा संलग्न रही विद्युतीय कारोबार ऐन, २०६३ विपरीतको कार्य गरेको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएकाले निजलाई पक्राउ गरिएको हो।

पक्राउ परेका चौगुठीलाई आवश्यक अनुसन्धान एवं कारबाहीका लागि प्रहरी प्रधान कार्यालय, साइबर ब्यूरो भोटाहिटी पठाइएको काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ।


# विभिन्न विपद्को समयमा सतर्क रहौँ

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा बस्ने।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने।
५. उपचारको व्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खवर गर्ने।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्दि गर्ने।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : राजविराज दैनिक**


# विश्व समाचार

## पूर्वप्रधानमन्त्री खानलाई हिरासतमा राख्न आदेश

इस्लामावाद, १३ भदौ (रासस/एएफपी)।
पाकिस्तानको एक अदालतले पूर्वप्रधानमन्त्री इमरान खानलाई गोप्य दस्तावेजहरू सार्वजनिक गरेको आरोपमा जेलमा राख्न आदेश दिएको छ। इस्लामावाद उच्च अदालतले मङ्गलबार उहाँलाई धरौटीमा रिहा गर्न आदेश दिएको थियो। पाकिस्तानका सबैभन्दा लोकप्रिय राजनीति नेता खान गत वर्ष सत्ताबाट हटेदेखि धेरै कानुनी मुद्दामा फसेका छन् उनीमाथि दुई सय वटा मुद्दा लगाइएका छन्। नेता खानले आफूलाई आगामी चुनाव लड्नबाट रोक्न गरिएको षडयन्त्रअनुरुप ती मुद्दा लगाइएको दाबी गरेका छन्। नेता खानका वकिल सलमान सफदरले औपनिवेशिक युगको गोप्य कानूनअन्तर्गत नेता खानलाई दुई हप्ता थुन्न म्याद थपिएको बताएका छन्। सैन्य मुद्दा चलाउन प्रयोग हुने कानुन उनीविरुद्ध लगाइएको सफदरले बताए। भ्रष्टाचारको आरोपमा खानमाथि गरिएको तीन वर्षको जेल सजाय मङ्गलबार उल्टाइएको थियो। नेता खानको पाकिस्तान तहरीक-ए-इन्साफ (पिटिआई) पार्टीका उपाध्यक्ष, पूर्व विदेशमन्त्री शाह महमूद कुरैशीलाई पनि यस मुद्दामा पक्राउ गरिएको छ।

## पहिरोमा पुरिएर चार जनाको मृत्यु, अठचालिस बेपत्ता

छन्दु, १३ भदौ (रासस/सिन्हवा)।
चीनको दक्षिणपश्चिमी प्रान्त सिचुवानको लिङ्शान यी स्वायत्त क्षेत्रको जिनयाङ काउन्टीमा अविरल वर्षासँगै खसेको पहिरोमा परी चार जनाको मृत्यु भएको छभने अन्य ४८ जना बेपत्ता भएका छन्। राजमार्ग निर्माणस्थलमा पहिरो खसेको तर घटनाका सम्बन्धमा कुनै जानकारी नदिएको अभियोगमा निर्माण कम्पनीका चार जनालाई पक्राउ गरिएको प्रान्तीय आन्तरिक सुरक्षा विभागमा उपनिर्देशक युआन ग्याङले पत्रकार सम्मेलनमा बताएका छन्। नौ दिन अघि भएको उक्त घटनाको विवरण ढिलो उपलब्ध गराएकामा उनले निर्माण कम्पनीका कर्मचारीमाथि कारवाही गरिने बताएका छन्। राजमार्ग निर्माणस्थलमा भएको उक्त दुर्घटनाको छानबिनमा खटिएको टोलीले पहिरो खसेका बेला उक्त स्थानमा दुई सय एक जना रहेका जनाएको छ। एक सय ४९ जना ज्यान जोगाएर भागेका थिए। प्रहरीले घटनाको छानविन र बेपत्ता भएकाहरूको खोजी जारी राखेको उपनिर्देशक युआनले बताएका छन्।

## राष्ट्रसङ्घविरुद्धको प्रदर्शनमा दश जना मारिए

गोमा (प्रजातान्त्रिक गणतन्त्र कङ्गो), १३ भदौ (रासस/एएफपी)।
प्रजातान्त्रिक गणतन्त्र कङ्गोको पूर्वीशहर गोमामा एक धार्मिक समूहले आयोजना गरेको संयुक्त राष्ट्रसङ्घविरुद्धको नियोजित विरोधप्रदर्शन सैनिकले रोक्ने प्रयास गरेपछि भएको झडपमा कम्तीमा १० जनाको मृत्यु भएको छ। प्रदर्शन आयोजना गर्ने समूहका सदस्य मोलेका मारेगानेले कङ्गोली सैनिकहरूले रेडियो स्टेशन र पूजास्थलमा छ जनाको हत्या गरेको बताएका छन्। अस्पतालका अधिकारीहरूले पनि ३३ जना घाइतेलाई भर्ना गरिएको तथा तीमध्ये तीन जनाको मृत्यु भएको पुष्टि गरेका छन्। आक्रोशित भीडले एक जना प्रहरीलाई पनि मारेको सरकारी अधिकारीहरूले बताएका छन्। प्रजातान्त्रिक गणतन्त्र कङ्गोमा शान्ति सुव्यवस्था कायम गर्न सन् १९९९ देखि तैनाथ शान्ति सेना खनिजको भण्डार पूर्वी कङ्गोमा तैनाथ गरिएको छ। अतिवादीलाई ठेगान लगाउन नसकेकामा शान्ति सैन्य यहाँ निकै आलोचित छ। राष्ट्रसङ्घीय यो शान्ति मिशन सबैभन्दा ठूलो र महँगो हो। यसको वार्षिक बजेट चार अर्ब अमेरिकी डलर छ। शान्ति मिशनमा १६ हजार सैनिक छन्।

## रुस-युक्रेन युद्ध अन्त्य गर्ने प्रयासमा टर्की

मस्को, १३ भदौ (रासस/एएफपी)।
रुसी विदेशमन्त्री सेर्गेई लाभरोभको मैत्रीपूर्ण निमन्त्रणामा टर्कीका विदेशमन्त्री हाकान फिदान बिहीबार रुसको भ्रमणमा आउनुहने भएको छ। विदेशमन्त्री फिदानले गत साता युक्रेनी अधिकारीहरूसँग वार्ता गरेपछि उहाँको मस्को भ्रमण घोषणा भएको हो। टर्कीका राष्ट्रपति रेसेप तैयप एर्डोगान पनि सुरक्षित रुपमा खाद्यान्न ढुवानी गर्ने वातावरण मिलाउन तथा यसअघि भएको त्रिपक्षीय सम्झौतालाई पुनर्जीवित गर्ने सम्बन्धमा राष्ट्रपति भ्लादिमिर पुटिनसँग वार्ता गर्न चाँडै रुसको भ्रमणमा आउनुहुने बताइएको छ। रुसी विदेश मन्त्रालयका प्रवक्ता मारिया जाखारोभाले विदेशमन्त्री लाभरोभ र हाकान फिदानबीच युक्रेन, सिरिया, लिबियालगायत मामिलाबारे छलफल गर्ने बताएकी छन्। राष्ट्रपति एर्दोगानले मस्को र किएभसँगको आफ्नो राम्रो सम्बन्धलाई सदुपयोग गर्दै दुवै पक्षलाई औपचारिक शान्ति वार्तामा ल्याउने प्रयास गर्नुभएको छ। उत्तर एटलान्टिक सन्धि सङ्गठन (नेटो) सदस्य टर्कीले गत वर्ष द्वन्द्व सुरु भएपछि रुस, युक्रेन र राष्ट्रसङ्घ सम्मिलित युक्रेनी बन्दरगाहहरूबाट अन्न ढुवानी गर्नेसम्बन्धी सम्झौता गराउन अहम् भूमिका निर्वाह गरेको थियो। केही समयअघि रुसले एकपक्षीय रुपमा उक्त सम्झौताको म्याद स्वतः समाप्त भएको घोषणा गरेको थियो।

# मनमोहन प्राविधिक विश्वविद्यालयमा अन्य विश्वविद्यालय भन्दा इन्जिनियरिङमा कम पढाई शुल्क : प्रा.डा. प्रधान




**दैनिक समाचारदाता**
**राजविराज, १३ भदौ ।**

मनमोहन प्राविधिक विश्वविद्यालय स्कुल अफ इन्जिनियरिङले विगत चार वर्षदेखी इन्जिनियरिङमा स्नातक तहको पठनपाठन गराइरहेको जनाएको छ ।

बुधबार राजविराजमा विश्वविद्यालयले आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा सो जानकारी दिँदै डीन प्रा.डा.प्रचण्ड मान प्रधानले आगामी शैक्षिक सत्रका लागि स्नातक तहको बि.ई. इन सिभिलमा ४८ तथा बी.ई. ईन इलेक्ट्रीकल एण्ड इलेक्ट्रोनिक्समा २४ सीट रहेको बताए । उनले आवेदन भदौं ३१ गतेसम्म खुल्ला रहने उल्लेख गर्दै आरक्षण सीट समेत रहेको बताए ।

प्रा.डा. प्रधानले प्रत्येक कार्यक्रममा सर्वोत्कृष्ट अंक ल्याउने एक जना विद्यार्थीलाई जेहेन्दार छात्रबृत्ति र सर्वोत्कृष्ट बाहेक भर्ना संख्याको १/१२ अंश बराबर नतिजाको आधारमा उत्कृष्ट अंक ल्याउने विद्यार्थीहरुलाई सहुलियत शुल्क छात्रबृत्ति मार्फत सेमेष्टरको शिक्षण शुल्कमा ४० प्रतिशत बराबरको छुट दिइने जानकारी समेत दिए ।

मोरङको हात्तीमुढामा अवस्थित रहेको उक्त विश्वविद्यालय देशकै पहिलो प्राविधिक विश्वविद्यालय रहेको उनले दाबी पनि गरे । अन्य विश्वविद्यालय भन्दा कम पढाई शुल्क र छात्रावासको व्यवस्था समेत रहेको यस विश्वविद्यालयमा काठमाडौं र पोखरा जस्ता सहरबाट विद्यार्थीहरु पठनपाठन गर्न आएको सहजकर्ता गणेश लम्सालको भनाई छ ।

# ‘एमसिसी नेपाल कम्प्याक्ट’ कार्यक्रम कार्यान्वयनमा

काठमाडौँ, १३ भदौ (रासस) ।

नेपाल सरकार तथा मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसिसी) को संयुक्त लगानीको ‘एमसिसी नेपाल कम्प्याक्ट कार्यक्रम’ कार्यान्वयन चरणमा प्रवेश भएको घोषणा भएको छ ।

मिलेनियन च्यालेन्ज नेपाल अकाउन्ट विकास समिति ( एमसिए-नेपाल) अन्तर्गत कार्यान्वयन हुने परियोजनाको पूर्वतयारीका काममा पर्याप्त प्रगति भएको सहमतिपछि उक्त घोषणा गरिएको हो । अर्थमन्त्री डा प्रकाशशरण महत र एमसिसीका कम्प्याक्ट सञ्चालनसम्बन्धी उपाध्यक्ष क्यामेरोन अल्फोर्डले बुधबार अर्थ मन्त्रालयमा आयोजित विशेष समारोहमा एमसिसी नेपाल कम्प्याक्ट कार्यान्वयन चरणमा प्रवेश (इन्ट्री इन्ट्री फोर्स- इआईएफ) सम्बन्धी पत्र आदानप्रदान गर्नुभयो ।

एआइएफसम्बन्धी पत्र आदानप्रदान कार्यक्रममा अर्थमन्त्री डा महतले एमसिए-नेपाल अन्तरगत कार्यान्वयन हुने विद्युत् प्रसारणलाईन र सडक आयोजनाले समग्र पूर्वाधार क्षेत्रका लागि महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो । उहाँले भन्नुभयो,“बुधबारबाट हामीले एमसिसी कार्यान्वयन सुरुआत गरेका छौँ । यो कोशेढुङ्गासम्ममा आइपुग्न धेरै उतावचढाव भोग्नु परेको थियो ।”

अर्थमन्त्री डा महतले भन्नुभयो, “नेपालले पूर्वाधारका क्षेत्रमा धेरै काम गर्न बाँकी रहेको छ । एमसिए नेपालअन्तरगतका सडक आयोजनाले नागरिकलाई उत्पादनमा जोड्न र उद्यम व्यवसायका लागि सहजता दिनेछ । अर्कोतर्फ नेपालमा जलविद्युत्को ठूलो सम्भावना रहेकाले प्रसारणलाइनले नेपालभित्रको प्रसारण प्रणाली सहज बनाउने मात्र नभइ भारतसँगको अन्तरदेशीय विद्युत व्यापारका लागि पनि महत्वपूर्ण रहेको छ ।”

अर्थ सचिव एवं एमसिए-नेपाल सञ्चालक समिति अध्यक्ष अर्जुनप्रसाद पोखरेलले नेपालको विद्युत् व्यापारमा लागि प्रसारण आयोजना महत्वपूर्ण रहेको बताउनुभयो । जग्गा अधिग्रहणको काममा शीघ्रता दिएर चाँडै सक्ने र परियोजना कार्यान्वयनका क्रममा अनुगमनको काम प्रभावकारी ढङ्गले गर्ने प्रतिबद्धता उहाँले जनाउनुभयो ।

एमसिए-नेपालका प्रमुख कार्यकारी अधिकृत (सिईओ) खड्गबहादुर विष्टले जग्गा अधिग्रहण र मुआब्जाको काम आगामी डिसेम्बर सम्ममा सकिसक्ने तयारी रहेको बताउनुभयो ।

प्रसारणलाइनको ठेक्का प्रक्रिया सुरु भइसकेको उहाँको भनाइ छ । नेपालका लागि अमेरिकी राजदूत डीन थम्पसनले दुई देशबीच ७५ वर्ष देखिको मैत्रीपूर्ण सम्बन्धबारे स्मरण गर्नुहुँदै एमसिसी नेपाल कम्प्याक्टले दीर्घकालका लागि नेपालको समृद्धिलाई उकास्ने विश्वास व्यक्त गर्नुभयो । एमसिसीका कम्प्याक्ट सञ्चालनसम्बन्धी उपाध्यक्ष क्यामेरोन अल्फोर्डले एमसिसी अन्तर्गतका परियोजना कार्यान्वयनका क्रममा इआईएफ एक महत्वपूर्ण कोशेढुङ्गा रहेको बताउनुभयो ।

# आँखा पाक्ने रोगमा प्रयोग हुने औषधिको अभाव छैन : विभाग

काठमाडौँ, १३ भदौ (रासस) ।

औषधि व्यवस्था विभागले आँखा पाक्ने रोग ( भाइरल कन्जङ्क्टिभाइटिस) मा प्रयोग हुने औषधिको अभाव नभएको जनाइएको छ । आँखा पाक्ने रोगका बिरामी बढेपछि केहीले औषधि अभावको हल्ला फिजाए पनि पर्याप्त मात्रामा औषधि भएको विभागको भनाइ छ ।

विभागका महानिर्देशक नारायणप्रसाद ढकालले आँखा पाक्ने रोगको औषधि पर्याप्त मात्रामा रहेको जानकारी दिनुभयो । “आँखा पाक्ने सङ्क्रमण बढेसँगै केहीले औषधिको अभाव छ भनेर हल्ला फिजाएर कालाबजारी गर्न खोजेको देखिन्छ”, उहाँले भन्नुभयो, “तर हामीसँग पर्याप्त मात्रामा आँखामा पाक्ने औषधि ‘आई ड्रप’ छ । आँखा अस्पताल र अस्पताल अगाडि रहेका औषधि पसलमा यो औषधि पाइन्छ ।”

एभरेष्ट पारान्टेरलल्स् सञ्चालक उमङ्ग रानासरियाले आँखा पाक्ने सङ्क्रमण बढे पनि औषधिको अभाव हुन नदिएको बताउनुभयो । “सङ्क्रमण बढेसँगै औषधिको माग बढेको छ तर हामीले बढेको मागबमोजिम आपूर्ति गरिरहेका छौ”, उहाँले भन्नुभयो, “आँखा अस्पतालमा हामीले प्रशस्त मात्रामा औषधि उपलब्ध गराएका छौ ।”

सञ्चालक रानासरियालका अनुसार माग बढेसँगै अहिले उत्पादन पनि तीन गुणा बढी भइरहेको छ । अहिले मासिक ९० हजार भाइल औषधिउत्पादन गरिरहेको उहाँको भनाइ थियो ।

नेपाल औषधि उत्पादक सङ्घका अध्यक्ष प्रज्वलजङ्ग पाण्डेले आँखामा हाल्ने ‘आई ड्रप’को अभाव हुन नदिन र मागअनुसार आपूर्ति भइरहेको बताउनुभयो । आँखा पाक्ने रोगका लक्षणहरू आँखा रातो हुनु र चिलाउनु, आँखाबाट आँसु बगिरहनु वा कचेरा/चिप्रा लाग्नु, आँखाको ढकनी रातो हुनु, सुन्निनु, आँखा बिझाउनु/दुख्नु र घाममा वा उज्यालोमा हेर्न गाह्रो हुनुजस्ता समस्या भाइरल ‘कन्जङ्क्टिभाइटिस’ मा हुने गर्दछ ।

भाइरल ‘कन्जङ्क्टिभाइटिस’को सङ्क्रमण भएपछि जथाभावी आँखा नछुने, आँखा छुनु परेमा साबुन पानीले राम्ररी हात धुने गर्नुपर्दछ ।

यस्तै बाहिर घाममा निस्कँदा कालो चस्मा प्रयोग गर्ने, सङ्क्रमित व्यक्तिले प्रयोग गरेका सामान अन्य व्यक्तिलाई प्रयोग गर्न दिनुहुँदैन ।

# नुहाउने क्रममा नदीमा डुबेर बालकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १३ भदौ ।**

सप्तरीको छिन्नमस्ता गाउँपालिकास्थित नदीमा नुहाउने क्रममा १२ वर्षिय बालकको डुबेर मृत्यु भएको छ ।

वडा नं. २ रम्पुरा टोल निवासी शैलेन्द्र मण्डलका १२ वर्षिय छोरा आशिक मण्डल मंगलबार नदीमा नुहाउने क्रममा डुबेर मृत्यु भएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार आफ्नै गाउँ नजिकै रहेको घोरद नदीमा नुहाउने क्रममा डुबेर मृत अवस्थामा उनको शरीर फेला परेको हो ।

घटना सम्बन्धमा मुचुल्का सहितको टोली खटाएर थप अनुसन्धान कार्य गरिरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।


**डा. कालीप्रसाद यादव**

**MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203**

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग

**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

**डा. रिपला आचार्य**

**MBBS, MD (BPKIHS) NMC NO. 19992**

**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**

**डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी**

यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।

**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**

**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**


## बाढी/पहिरोबाट सतर्क रहौं ।

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं

– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।

– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।

– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।

– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।

– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*